शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९/८/२८ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. झो.पु माग सम्बन्धमा ।

२. नवप्रवर्तन साझेदारी कार्यक्रम माग सम्बन्धमा ।

३. योजना सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ।

४. विद्युत उद्घाटन खर्च सम्बन्धमा ।

५. यातायात संचालन सम्बन्धमा ।

६. योजना संसोधन सम्बन्धमा ।

७. विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९ मा थप सम्बन्धमा ।

८. गह्रा सुधार सम्बन्धमा ।

९. विद्युत महशुल भुक्तानी सम्बन्धमा ।

१०. नगर प्रमुख कृषि कार्यक्रम शिर्षकको रकम विनियोजन सम्बन्धमा ।

११. विभिन्न योजना सर्भे सम्बन्धमा ।

१२. सडक वत्तिको रकम भुक्तानी सम्बन्धमा ।

१३. वजेट विनियोजन सम्बन्धमा ।

१४. सानादहको वसपार्क संचालन सम्बन्धमा ।

१५. विभिन्न खानेपानी योजना माग सम्बन्धमा ।

१६. जिल्ला समन्वय समितिको नाममा रहेको जग्गा माग सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका भौगोलिक रुपमा नेपालकै सवैभन्दा ठूलो नगरपालिका भएको र यस नगरपालिका क्षेत्र भित्र खोला नालाहरुको संख्या धेरै भएको कारण जनतालाई आवत जावत गर्न तथा बालवालिकालाई विद्यालय जान समेत निक्कै समस्या परिरहेकोले यस नगरपालिकाका निम्न स्थानमा झोलुङ्गे पुल निर्माणका लागि कार्यक्रममा समावेश गरी वजेट विनियोजन हुन सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) बाखेनेटा रंगले सिलिङ्गखोला झो.पु. शिनपा ९

(ख) आकासे झो.पु. सिलिङ्ग खोला शिनपा ९

(ग) बाल प्रा.वि.घाट ठाडखोला झो.पु. शिनपा ९

(घ) ठाडा पदमे पर्यटकीय झो.पु. शिनपा ३

सितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(ङ) देउराली क्षेत्र घोरबन्दा पर्यटकीय झो.पु. शिनपा २

(च) उपल्लो बंसारी पिपलकारुख झो.पु. शिनपा ६

(छ) हनुवा बडरे गंगाखोला झो.पु शिनपा १

(ज) सेरा मन्द्रेखोला वगालेखेत झो.पु.शिनपा १

(झ) गंगाखोला मसानघाट ट्रष्ट शिनपा १

(ञ) सितखोला फलाटे झो.पु. शिनपा ४ र ५

(ट) वाजागरा भाविन खोला झो.पु. शिनपा ४

(ठ) बझेङ्गखोला झो.पु. शिनपा ५

(ड) ठूलाखोला पिपलकारुख वंसारीखोला झो.पु. शिनपा ५

(ढ) बठेनीखोला ट्रष्टबृज शिनपा १४

(ण) तारिकेखोला झो.पु. शिनपा १२

(त) सिम्ले भालुखोला झो.पु. राप्ती नदी शिनपा ७

(थ) दुमैखोला झो.पु. खयरभट्टी शिनपा ११

(द) सेरा खोला दर्लामी घाट झो.पु. शिनपा ११

(ध) बेलखोला झो.पु. शिनपा ११

(न) बाधखोला झो.पु. शिनपा १३

(प) ढाडखोला ट्रष्टबृज शिनपा १३

(फ) कोडाँडा झिर्रा देखि ठूलाखर्क पाकुरीखोला झो.पु. शिनपा २

(व) बडाचौर सिख झो.पु. शिनपा २

(भ) कल्लेरी पाखाचौर ट्रष्टबृज शिनपा ७

(म) शैलेखोला, पधेरा खोला, दमार गाइखा खोला झो.पु.शिनपा १०

(य) कुसुमखोला झाते झो.पु. शिनपा १०

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुकाम बुटवलको अवधारणापत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम लागत सहभागितामा कार्यक्रम संचालन गर्न प्रस्ताव आव्हान गरेकोमा नगरपालिकाले व्यहोर्ने रकम चालु आ.व. तथा आगामी आ.व.मा व्यहोर्ने गरी **सेवा प्रवाह प्रणाली व्यवस्थापन तथा सुद्धढीकरण, क्षमता विकास, सामाजिक समावेशीकरण कार्यक्रम**सँग सम्बन्धित विषयमा प्रस्ताव तयार गरी माग गर्ने । साथै निर्देशिकामा उल्लेख भएबमोजिम सहजिकरण तथा अनुगमन गर्ने कार्यको लागि तपशिल बमोजिमको अनुगमन तथा सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक :- श्री नगर उप-प्रमुख
सदस्य :- श्री प्रमुख प्रशासकीय अधिकृत

सदस्य :- श्री आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य :- श्री वडा अध्यक्ष सम्बन्धित वडा
सदस्य सचिव श्री योजना शाखा तथा मुल्याङ्कन शाखा

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व.को लागि यस नगरपालिका तथा विभिन्न निकायबाट कार्यान्वयनको लागि रकम विनियोजन भएका योजना तथा कार्यक्रमहरुको एघारौ नगरसभाबाट सम्झौता गर्ने समय कार्तिक मसान्त सम्म तोकिएकोमा मिति २०७९ साल मंसीर ४ गते भएको निर्वाचनका कारण धेरै योजनाहरु हाल सम्म पनि सम्झौता हुन नसकी बाँकी रहेकोले उपभोक्ता समिति सँग सम्झौता गर्ने समय २०७९ साल पौष मसान्त सम्म थप गर्ने । साथै पछी रकम विनियोजन हुने तथा अन्य निकायबाट प्राप्त हुने योजनाहरु बाहेक स्वीकृत योजनाहरुको हकमा तोकिएको समय अवधि सम्म पनि सम्झौता नभएमा त्यस्ता योजनाहरुको सम्झौता नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका भित्र विभिन्न कार्यको उद्घाटन गर्दा भएका तथा हुने खर्चका सन्दर्भमा विधायन समिति मार्फत कार्यविधि बनाई बैठकमा पेश गर्न लगाई सोही कार्यविधि बमोजिम उद्घाटन खर्चको व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७९/८/१६ गते वसेको बैठकबाट विभिन्न रुटमा यातायात संचालन गर्न नगर प्रमुखको संयोजकत्वमा गठीत समितिको मिति २०७९/८/२५ गते पश्चिम नेपाल वस व्यवसायी प्रा.लि.का रुट इन्चार्ज समेतको सहभागितामा बसेको बैठकले सडक अनुगमन गर्ने र बस सेवा संचालन गर्न कुनै रुटमा मोड सुधार गर्नु पर्ने भएमा नगरपालिकाले गरी दिने भनि निर्णय भएकोले अनुगमन भएका तथा संभावित यातायात संचालन हुने सडकमा मोड सुधार गर्नु पर्ने अवस्था आएमा सम्बन्धित योजनाको लागि विनियोजन भएको रकमले पुगे सम्म सोही रकमबाट मोड सुधार गर्ने यदी उक्त रकमले नपुग भएमा प्राविधिक इस्टिमेट गराई सो का आधारमा मोडहरु सुधार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा एघारौ नगरसभाबाट विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजनाहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी निम्न अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

| एघारौ नगरसभाबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |

| | | | | |
|---|---|---|---|---|
| सुधा मा.वि.नाली निर्माण (न.पा.तर्फ ९३/११ प्रदेश राजश्व) | १००००० | सुधा मा.वि.भवन ट्रष्ट निर्माण शिनपा ५ | २५०००० | प्रदेश राजश्व र संघीय स.अ. |
| सुधा मा.वि.मर्मत सुधार योजना वडा तर्फ ५ (१२९/२) संघीय स.अ. | १५०००० | | | |
| अमराई गोर्जिथुम मो.वा. ग्राभेल वडा तर्फ ४ (१२६/४) संघीय स.अ. | २००००० | शिनपा ४ भित्रका खा.पा.मर्मत सुधार | २००००० | संघीय स.अ. |
| ढड्यान देखि मेडिकल चोक सम्म मो.वा. ग्राभेल वडा तर्फ १ (११३/१०) संघीय स.अ. | १५०००० | तुसारेखर्क सुखौरा मो.वा. मर्मत शिनपा १ | १५०००० | संघीय स.अ. |
| विपद व्यवस्थापनको लागि तार जाली खरिद तर्फ १ (११४/४) संघीय स.अ. | १००००० | वेत्थला मिलनचोक बाटो पक्की नाली निर्माण शिनपा १ | १००००० | संघीय स.अ. |
| देउराली सामुदायिक भवन तथा प्रतिक्षालय रङ्गरोगन र मर्मत सुधार वडा नं. ६ (१३६/२) | १७०००० | देउराली सामुदायिक भवन तथा प्रतिक्षालय रङ्गरोगन र पार्किङ्ग ट्रष्ट निर्माण शिनपा ६ | २५०००० | संघीय स.अ. |
| देउराली पार्किङ्ग ट्रष्ट निर्माण वडा नं. ६ (१३६/३) | ८०००० | | | |
| कल्लेरी खेल मैदान निर्माण वडा नं. ६ ( १३५/३) | १००००० | कल्लेरी सामुदायिक भवन शौचालय निर्माण शिनपा ६ | १००००० | संघीय स.अ. |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९ र ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९ मा केही संसोधन गर्नु पर्ने भएकोले विधायन समिति मार्फत उल्लेखित कार्यविधिहरु संसोधन गरी कार्यपालिका बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ निवासी सावित्रा देवि घिमिरेले आफ्नो नाममा शिनपा २ मा रहेको कित्ता नं. १८७, १९० र २३८ को जग्गा जेसिवि लगाई खेतीयोग्य बनाउन र बनाउदा निस्केका ढुङ्गा बेचविखन गर्न अनुमती पाउँ भनि वडा कार्यालयको सिफारिस, जग्गा धनि प्रमाण पूर्जाको फोटोकपी, नागरिकताको फोटोकपी राखी निवेदन दिएकोले माग बमोजिम २० रोपनीमा बढी नहुने गरी खेती योग्य जमिन सम्माउन जेसिवि प्रयोग गर्न दिने र जमिन सम्माउदा निस्कने ढुङ्गा यस कार्यालयबाट नाँपजाँच गरी नियमानुसारको राजश्व बुझाई विकी गर्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा शिनपा ४ निवासी पार्वता पौडेलले अमराईमा रहेको कृषि उपज संकलन केन्द्रमा जडान भएको विद्युतको विद्युत महशुल विल रु ३९,९२१।- का संलग्न राखी वडाको सिफारिस पत्र सहित भुक्तानी माग गरी निवेदन दिएकाले हाल सम्मको उक्त महशुल मात्र भुक्तानी गर्ने र आगामी दिनमा वडा नं. ३ डाठा दहमा रहेको डमरुदह सामुदायिक भवन र ४ अमराईमा रहेको कृषि उपज संकलन केन्द्र सम्बन्धित वडा कार्यालयले स-शुल्क व्यवस्थापन गर्न सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा एघारौ नगरसाभाबाट वजेट स्वीकृत हुँदा आर्थिक विकासको कृषि तर्फ नगर प्रमुख कृषि कार्यक्रम भनि प्रदेश राजश्व बाँडफाड शिर्षकमा एकमुष्ठ रहेको रकम मध्येबाट निम्न अनुसारका योजनाको लागि विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १. सितखोला राङ्गकास नदी नियन्त्रण शिनपा ७ | रु ३५०००।- |
| २. पिउठाने ओदारे चिउरीथरी खा.पा. शिनपा ९ | रु ५०००।- |
| ३. लहरेनी खा.पा. टंकी मर्मत शिनपा ९ | रु ५०००।- |
| ४. बटुकेखोला खेल मैदान निर्माण शिनपा ९ | रु २००००।- |
| ५. पाकुरी वेलदमार मो.वा. शिनपा ९ | रु ३००००।- |
| ६. कात्तिके खा.पा. टंकी मर्मत शिनपा ९ | रु ५०००।- |

**जम्मा रु १००००००।- (दश लाख मात्र)**

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा शितगंगा नगरपालिका भित्रका तपशिल बमोजिमका खानेपानी योजनाहरुको विस्तृत सर्भे गर्ने साथै उक्त कार्यको लागि गत मौज्दातमा रहेको रकमबाट रु ३ लाख विनियोजन गर्ने निर्णय गरियो ।

*तपशिल*

१. सानीलेख टावरटोल लिफ्ट खा.पा.शिनपा १३

२. सितखोला गल्दा लिफ्ट खानेपानी योजना शिनपा ५

३. मुस्लेघाट जुकेना गल्दा खा.पा.शिनपा ५

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा शिनपा ३ मा हालै जडान भएको सडक वत्तिको मिति २०७९ साल मंसीर मसान्त सम्मको विद्युत महशुल भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा शिनपा १३ को खोल्टेपानी लिफ्ट खा.पा. मुहान जाने मोटर बाटो निर्माणको लागि गत मौज्दातमा रहेको रकमबाट रु १०००००।- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा शिनपा ४ को सानादहमा निर्माण भएको वसपार्कलाई संचालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको विभिन्न वस्ती तथा क्षेत्रमा खानेपानीको समस्या भएको र खानेपानीको श्रोत नभएकोले जमिन मुनीबाट पानी निकाल्ने प्रविधि मार्फत तपशिलका खानेपानी योजनाहरु निर्माणको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

१. रजिया खा.पा. शिनपा १२

२. जुकेना गल्दा दिपाखर्क खा.पा शिनपा ५

३. सामकोट खा.पा. शिनपा १०

४. नगरपालिकाको कार्यालय क्षेत्र खा.पा. शिनपा ३

५. भिर्रा खा.पा. शिनपा २

६. खोरमोर खा.पा. शिनपा १४

७. भंगाला खा.पा. शिनपा १३

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा बुद्धभुमी नगरपालिका वडा नं. १ पत्थरकोटमा जिल्ला समन्वय समितिको कार्यालय अर्घाखाँचीको नाममा रहेको करिव १ रोपनी जग्गा प्रयोग विहिन अवस्थामा रहेकोले उक्त जग्गा यस कार्यालयलाई उपभोग गर्न हस्तान्तरण गरि दिन जिल्ला समन्वय समितिको कार्यालय अर्घाखाँचीमा माग गर्ने निर्णय गरियो ।